# उर्जा अर्थतन्त्र र दिगो विकास राष्ट्रिय सम्मेलनबारे
# प्रेस विज्ञप्ति

मितिः २०७१/७/५

उर्जा क्षेत्रलाई नेपालको दिगो विकासको माध्यमको रुपमा विकास गर्नका लागि सबैको साझा सहकार्य र अभियानमार्फत योगदान पुर्‍याउने उद्देश्यसहित सुरु भएको एक दिने उर्जा अर्थतन्त्र र दिगो विकास राष्ट्रिय सम्मेलन (National Conference on Energy Economics and Sustainable Development, CEESDev) सम्पन्न भएको छ ।

GHEaSES इन्टरनेशनल , एशियन इष्टिच्यूट अफ टेक्नोलोजी एण्ड म्यानेजमेन्ट, WECAN, आईएफएस, एनआरएन अष्ट्रेलिया र काठमाण्डौ युनिभर्सिटीको मुल आयोजना तथा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, SEMAN र NMHDAको सहकार्यमा सुरु भएको सम्मेलनमा उर्जा क्षेत्रका सरोकारवालाका साथै विज्ञहरुको सहभागिता थियो । सम्मेलन नेपालको अर्थतन्त्र, उर्जामार्फत हुन सक्ने योगदान, यसको सम्भावना, जलविद्युत र नवीकरण उर्जाको अवस्था, बजार, उर्जाको नयाँ प्रविधि र उपयोगिता लगायतका विषयमा केन्द्रित भएको थियो ।

सम्मेलनको उद्घाटनमा राष्ट्रिय योजना आयोगका सदस्य डा. गोविन्द नेपालले उर्जा विकास गर्दा त्यसको सामाजिक, आर्थिक र राजनीति पक्षलाई जोड दिनुपर्ने बताएका थिए । विदेशी लगानी भित्र्याउनका लागि सबै क्षेत्रको सक्रिय सहभागिता हुनुपर्ने उनीहरुले बताएका थिए । क्यूनस्ल्याड विश्वविद्यालयका डा. रविन्द्र नेपालले आधुनिक प्रविधिमा उपयोगमा जोड दिए । सम्मेलन अर्न्तगत भएको प्राविधिक शेसनमा प्रा. अमृतमान नकमीले Current energy consumption trends and future energy/GHG scenarios of Nepal; वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रका मधुसुदन अधिकारीले Energy market and economics of Nepal; आईएफएसका शिशिर वैद्यले Cointegration and casuality between electricity consumption and GDP: empirical evidence from Nepal; प्राध्यापक जगनाथ श्रेष्ठले Impact of small decentralized PV grid-connected plants on load shedding in Nepal; र GHEaSESका क्षितिज खनाल र सदम बालाले Collaborative and

open access research for energy sector in Nepal बारे कार्यपत्र प्रश्तुत गरेका थिए । सो शेसनको अध्यक्षता प्रा.डा. त्रिरत्न ब्रजाचार्यले गरेका थिए ।

उर्जा व्यापार सम्झौता (पीटीए) र आयोजना विकास सम्झौता (पीडीए) बारे भएको प्यानल छलफलमा प्राध्यापक हरि पण्डित, पुर्व जलस्रोतसचिवद्धय सुर्यनाथ उपाध्याय र शितलबाबु रेग्मी, नेपाल उद्योग वाणिज्य महासंघ एवं उर्जा समितिको सभापति ज्ञानेन्द्रलाल प्रधान, स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था (इप्पान) का अध्यक्ष खड्गबहादुर विष्ट सहभागी थिए । प्यानलका सहजकर्ता डा. सन्दीप शाह थिए ।अधिकांशले पीटीए सकारात्मक भएपनि यसको कार्यावन्यन पक्षमा जोड दिएका थिए । पीडीएबारे भने उनीहरुले केही प्रावधानमा परिवर्तनगर्नुपर्नेमा जोड दिएका थिए । प्रधानले पीडीएको अनावश्यक विरोध गर्नुनहुने बताएका थिए ।

दोस्रो प्यानल छलफलमा Implementation of energy-mix in Nepal: opportunities and challenges लगायतबारे प्राध्यापक जगनाथ श्रेष्ठ, प्रा. अमृतिमान नकर्मी, नेपाल विद्युत प्राधिकरणका उपकार्यकारी निर्देशक शेरसिंह भाट, जीआईजेट/निप कार्यक्रममा डा. नारायण चौलागाई, सेमनका **सल्लाहकार** नवीन भुजेल सहभागी थिए । वैकल्पिक उर्जा प्रर्वधन केन्द्रका मधुसुदन अधिकारीले सहजीकरण गरेको सो छलफलमा उनीहरुले नेपालको उर्जा समस्या समाधान गर्न जलस्रोतसँगसँगै सौर्य उर्जा, ग्यासिफायर, वायु उर्जाको सहायता लिएर इनर्जी मिक्समा जानु अनिवार्य भइसकेको भएतापनि तत्काल यसको कार्यान्वयनमा विभिन्न नीतिगत समस्या भएको कुरा औँल्याउनु भयो । वैकल्पिक उर्जाको प्रवर्धन गरेर पेट्रोलियको आयात घटाउन सकिने र यसले देशको अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्न सक्ने कुरा छलफलमा आएको थियो । साथसाथै इनर्जी मिक्सको दिगोपनतामा जोड दिएका थिए ।

०७१/७/५ बुधबार